नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
आयोजना निर्देशनालय (ए.डी.बी.)
विशालनगर, काठमाण्डौ

# मौजुदा सूचीमा दर्ता गराउने सम्वन्धी सूचना

(सूचना प्रकाशित मिति २०७४/०४/०५)

यस आयोजना निर्देशनालयको लागि आ.व.२०७४/०७५ मा आवश्यक पर्ने तपसिल बमोजिमका सामान तथा सेवाहरु आपूर्ति गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ वमोजिम मौजुदा सूची (स्टाण्डिङ्ग लिष्ट) दर्ता गर्नको लागि यस आयोजना निर्देशनालयको खरिद इकाइमा अधिकार प्राप्त व्यक्तिले रु.१० को टिकट टाँसी छुट्टा छुट्टै सेवा तथा कार्यको लागि रितपूर्वकको आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**क. सामान खरिद, उपकरण मर्मत तथा आपूर्ति कार्य**

१. स्टेशनरी सामानहरु (मसलन्द तथा विविध)
२. फोटोकपी सम्वन्धी कार्य
३. छपाई सम्वन्धी
४. पत्रपत्रिका तथा पुस्तकहरु
५. निर्माण सामग्री आपूर्ति सम्वन्धी कार्य
६. फर्निचर तथा फिक्चर्स सम्वन्धी
७. इलेक्ट्रोनिक्स उपकरणहरु (कम्प्युटर, प्रिण्टर, टोनर कार्टिज, फोटोकपी मेशिन, यू.पि.एस.टेलिफोन सेट आदि आपूर्ति तथा मर्मत समेत)
८. सर्भे सम्वन्धी उपकरणहरु आपूर्ति तथा मर्मत सेवा
९. सवारी साधन मर्मत (मोटर तथा मोटर साइकल) पार्टपूर्जाहरु आपूर्ति समेत
१०. विद्यूत सम्वन्धी सामानहरु (पंखा, एयर कन्डिसनर, हिटर, चीम, तार वाइरिङ्ग सम्वन्धी सामान मर्मत तथा आपूर्ति समेत)
११. अफिस पार्टिसन गर्नु पर्ने भएमा सो सम्वन्धी कार्य

**ख. सार्वजनिक निर्माण तथा संभार कार्य**

१. सार्वजनिक निर्माण तथा मर्मत संभार र रङ्गरोगन सम्बन्धी कार्य

**ग. सेवा कार्यहरु**

१. बिभिन्न Software निर्माण, परिमार्जन तथा आपूर्ति
२. तालिम, गोष्टी, सेमिनार आदि संचालन
३. सूचना प्रकाशन तथा प्रशारण सम्वन्धी
४. परामर्श सेवा सम्वन्धी कार्य
५. कम्प्युटर नेटवर्किङ्ग सम्वन्धी कार्य गर्न
६. ट्राभल एजेन्सीको हकमा स्वदेश भ्रमणको लागि टिकट व्यवस्था गर्न
७. डकुमेण्ट्री/फिल्म आदि तयारी

**दरखास्तसाथ पेश गर्नु पर्ने कागजातहरु**

१. सम्वन्धित क्षेत्रमा कार्य गर्न इजाजत प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीको दर्ता वा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
२. PAN वा VAT मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (VAT मा दर्ता हुन नपर्नेको हकमा सोको आधिकारिक प्रमाणपत्र) ।
३. आ.व.२०७२।०७३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणाको निवेदन ।
४. सेवा र परामर्शको लागि दरखास्त दिँदा परामर्शदाताले आफ्नो कार्यसंग सम्वन्धित कार्यका लागि निवेदन दिनुपर्नेछ । संस्थाको सम्वन्धमा संस्थाको नाम, ठेगाना संलग्न तालिका, भवन, सवारी साधन आदिको प्रोफाइल एवं अध्यक्ष र सदस्यहरुको बायोडाटा पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र समेत पेश गर्नु पर्ने छ ।
५. मालसामान उपलब्धकर्ताले जुन कामको लागि कम्पनी, व्यवसाय वा कर प्रयोजनको लागि दर्ता भएको हो सो अनुसारको कामको प्रकृतिसंग मिल्ने कार्यको लागि मात्र दरखास्त दिनुपर्नेछ । साथै त्यस्ता मालसामानहरुको लागि उपलव्ध हुने उपकरणको विवरण, विक्रिपछिको सेवा उपलब्ध हुने नहुने र जगेडा पार्टपुर्जा उपलब्ध हुने नहुने पनि उल्लेख गर्नुपर्नेछ ।
६. उल्लेखित विवरणहरु स्पष्ट नखुलेको र कागजात प्राप्त नभएमा यस निर्देशनालयले मौजुदा सूचीमा दर्ता गर्न सक्ने छैन ।
७. निवेदनकर्ताले सम्पर्क गर्ने व्यक्ति/पदाधिकारीको टेलिफोन, मोवाइल फ्याक्स नम्वर, इमेल ठेगाना, र ठेगाना घर नम्वरसहित अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

आयोजना निर्देशक